# नेपालको संविधान : आधारभुत पक्षहरु
# र
# कानूनको वारेमा सामान्य जानकारी

बलसागर गिरी

सहसचिव

नेपाल सरकार

– ९८५११३३६७७

# मन, विचार एवं चेतना प्रणाली



# प्रस्तुतिको रुपरेखा

१. परिचय

२. संविधानवादको दृष्टिमा नेपालको संविधान

३. कानुनको शासनको दृष्टिमा नेपालको संविधान

४.नेपालको संविधानमा शक्तिको पृथकीकरण र शक्ति सन्तुलन

५.नेपालको संविधानमा मौलिक हक

६.नेपालको संविधानमा स्वतन्त्र न्यायपालिका

७.संविधानले आत्मसात गरेको संघीय संरचना

८. संघीय तहको अधिकार

९. प्रदेशको अधिकार

१०. स्थानीय तहको अधिकार

१२. समावेशीकरण र संविधान

१३ संविधानले आत्मसात गरेका नितान्त नयाँ विषयहरु

# १. परिचय

- नेपालको सातौ संविधान ।
- संविधानसभाबाट नेपालमा बनेको पहिलो संविधान ।
- संघीय स्वरुपको पहिलो संविधान ।
- प्रस्तावना, ३५ भाग, ३०८ धारा र ९ वटा अनुसूचीमा विस्तारित रहेको ।
- सबै लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिबद्ध संविधान ।
- जनताको त्याग र बलिदानलाई स्मरण गर्दै सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्ने घोषणा ।

# २. संविधानवादको दृष्टिमा नेपालको संविधान

- सिमित सरकारको अवधारणा आत्मसात,
- राज्यका सबै तह, अंग र निकायको अधिकार विभाजन र परिभाषित
- स्वेच्छाचारिताको अन्त्य
- कानुनी संविधानवादका आयाम (प्रस्तावना, मुल कानुन, मौलिक हक, स्वतन्त्र न्यायपालिका)
- राजनीतिक संविधानवादका आयाम (बालिग मताधिकार, आवधिक निर्वाचन, स्वतन्त्र संवैधानिक निकायहरु, संसद प्रतिको उत्तरदायित्व)

## ३. कानुनको शासनको दृष्टिमा नेपालको संविधान

- प्रस्तावना,
- संविधानवाद, शक्तिको पृथकीकरण, सार्वभौमसत्ता र राजकीयसत्ता,
- समानता, मृत्युदण्ड निषेध र अन्य स्वतन्त्रताको प्रत्याभूति
- न्याय सम्बन्धी हक, निशुल्क कानुनी सहायता, स्वच्छ सुनुवाईको हक,
- आर्थिक सामाजिक हक, सामाजिक न्यायको हक,
- न्यायिक पुनरावलोकनको अधिकार सहितको स्वतन्त्र न्यायापालिका,
- स्वतन्त्र संवैधानिक निकायहरु।

# ४.नेपालको संविधानमा शक्तिको पृथकीकरण र शक्ति सन्तुलन

- संघीय संरचना, तीन तहमा शक्ति विभाजन,
- सात प्रदेशको निर्माण,
- स्थानीय तहमा नगरपालिका र गाँउपालिका,
- कार्यकारीणी अधिकार, व्यवस्थापिकीय अधिकार र न्यायिक अधिकारको स्पष्ट पृथकीकरण,
- संसदीय शासन व्यवस्था अनुकुलको नियन्त्रण र सन्तुलन,

## ५.नेपालको संविधानमा मौलिक हक

- नागरिकका सर्वोच्च अधिकार, असाधारण अधिकारक्षेत्रबाट उपचार ।
- मौलिक अधिकारमा विशेष जोड ।
- विगतका संविधानबाट प्रत्याभुत गरिदै आएका स्वतन्त्रता, समानता, वातावरण, सम्पत्ति, निवारक नजरबन्द विरुद्धको, धार्मिक स्वतन्त्रता, शिक्षा, स्वास्थ्य, महिलाको हक, श्रमिकको हक, बालबालिकाको हक, सूचना, गोपनियता, शोषण विरुद्धको हक, देश निकाला विरुद्धको हक लगायतका सबै हकलाई निरन्तरता ।
- आवासको हक, खाद्यको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, उपभोक्ताको हक, अपराध पीडितको हकलाई पहिलो पटक मौलिक हकको रुपमा प्रत्याभूत गरेको ।
- तीन वर्ष भित्र कानुनी व्यवस्था गर्नु पर्ने (कानुन बनाइसकिएको) ।

# ६.नेपालको संविधानमा स्वतन्त्र न्यायपालिका

- प्रस्तावना, न्याय सम्बन्धी हक सहितका मौलिक हकहरु,
- भाग ११ मा स्वतन्त्र न्यायपालिकाका सबै आधारभुत मापदण्ड पूरा,
- स्वतन्त्र नियुक्ति प्रक्रिया, सुरक्षित पदावधि,
- स्वेच्छाचारी पदमुक्ति विरुद्धको सुरक्षण,
- पारिश्रमिक र प्रशासनिक व्यय Non Votable,
- न्याय सेवाको स्वायत्तता,
- संघीय संसद र प्रदेश सभामा बहसमा बन्देज ।

# ७.संविधानले आत्मसात गरेको संघीय संरचना

- धारा ५६ तीन तहको मूल संरचना,
- सात प्रदेशको निर्माण, अनुसूची ४ मा जिल्ला सहितको विवरण,
- सीमांकन सम्बन्धमा सुझाव दिन संघीय आयोग गठन हुन सक्ने,
- नामाकरण र राजधानी प्रदेशसभाबाट गरिने,
- तीनै तहलाई Self Rule र Shared Rule को सूची,
- समन्वयको लागि अन्तरप्रादेशिक परिषद,
- Cooperative Federalism,
- प्रदेश मन्त्रीपरिषद वा प्रदेश सभा विघटन वा निलम्बन,
- स्थानीय तह र विशेष संरचनाको संख्या र क्षेत्र निर्धारण गर्न आयोग गठन ।

# ८. संघीय तहको अधिकार

- देशभर शासन गर्ने र सहशासन गर्ने तह,
- अनुसूची ५ मा संघको एकलौटी अधिकारको सूची (रक्षा, सेना, प्रतिरक्षा, बैंक, वित्तिय नीति, परराष्ट्र, कुटनीतिक मामिला, भन्सार, मुल्य अभिबृद्धि कर, अन्तशुल्क, संघीय सरकारी सेवा, ठूला विद्युत, सिंचाई योजना, स्वास्थ्य नीति, अन्तर्राष्ट्रिय व्यापार, नागरिकता, भिषा, राहदानी, अध्यागमन, आदि),
- अनुसूची ७ मा प्रदेश समेतँगको साझा अधिकारको सूची,
- अनुसूची ९ मा प्रदेश र स्थानीय तह समेतसँगको साझा अधिकारको सूची।

# ९. प्रदेशको अधिकार

- संघीय तहको बीचको इकाई,
- अनुसूची ६ मा प्रदेशको एकलौटी अधिकारको सूची छ । जसमा प्रदेशको शान्ति सुरक्षा, प्रहरी, सरकारी सेवा, घरजग्गा, सवारी साधन, मनोरजन, विज्ञापन कर आदी, प्रदेश स्तरको विद्युत, सिंचाई र खानेपानी सेवा, प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, स्वास्थ्य सेवा, प्रदेश भित्रको व्यापार आदि,
- अनुसूची ७ मा संघ समेतँगको साझा अधिकारको सूची,
- अनुसूची ९ मा संघ र स्थानीय तह समेतँगको साझा अधिकारको सूची,
- साझा अधिकारको सूचीको विषयमा संघले कानुन बनाएमा त्यसलाई प्रदेशले मान्नुपर्ने ।

# १०. स्थानीय तहको अधिकार

- स्थानीय तहलाई पनि स्वशासन र सहशासन दुबैको अधिकार छ ।
- संविधानको अनुसूची ८ मा स्थानीय तहको एकलौटी अधिकारको सूची छ । जसमा नगर प्रहरी, सहकारी संस्था, एफ. एम. सञ्चालन, स्थानिय आयोजना, आधारभुत, माध्यामिक शिक्षा, आधारभुत स्वास्थ्य, सरसफाई, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानिय, ग्रामीण सडक, सिंचाई कृषि तथा पशुपालन, वैकल्पिक उर्जा, विपद व्यवस्थापन आदि रहेका छन ।
- अनुसूची ९ मा संघ र प्रदेश समेतसँगको साझा अधिकारको सूची,
- साझा अधिकारको सूचीको विषयमा संघ वा प्रदेशले कानुन बनाएमा त्यसलाई स्थानीय तहले मान्नुपर्ने ।

# १२. समावेशीकरण र नेपालको संविधान

- संविधानको एक महत्वपूर्ण विशेषता नै समावेशीकरण हो ।
- प्रस्तावना, राज्यको परिभाषा, सकरात्मक विभेद, मौलिक हक,
- समावेशीकरण र सामाजिक न्याय सम्बन्धी नीति,
- राष्ट्रपति, उपराष्ट्रपति, प्रतिनिधि सभा, राष्ट्रिय सभा र प्रदेश सभामा सभामुख र उपसभामुख फरक लिंग र समुदायको हुनु पर्ने,
- राष्ट्रपति, उपराष्ट्रपति र राष्ट्रिय सभाका सदस्यको निर्वाचनमा स्थानीय तहका प्रमुख र उपप्रमुख पनि निर्वाचक मण्डलको सदस्य रहने । संघीय संसद र प्रदेश सभाको समानुपातिक निर्वाचन प्रणाली।
- राज्यका सबै अंग र निकायमा समावेशी नियुक्ति, संघीय सरकारी सेवामा खुला र समानुपातिक परीक्षाबाट पदपूर्ति आदि ।

# १३. नेपालको संविधानले गरेका केही नितान्त नयाँ व्यवस्थाहरु

- राष्ट्रिय हितको परिभाषा
- गैर आवासीय नागरिकता
- नयाँ मौलिक हकहरु
- नागरिकको कर्तव्य
- संघीय संरचना
- अविश्वासको प्रस्ताव र बैकल्पिक प्रधानमन्त्री
- मन्त्रिपरिषदको अधिकतम् संख्या
- ३३ प्रतिशत महिला सदस्य

# नयाँ व्यवस्थाहरु.......................

- बजेट पेश गर्ने मिति निर्धारण
- सर्वोच्च अदालतमा संवैधानिक इजलास
- सबै तहका न्यायाधीश स्थायी मात्र
- स्थानीय तहको संवैधानिक व्यवस्था
- संवैधानिक निकाय थप
- संविधान संशोधनमा नवीन कार्यविधि
- भाषा आयोग
- आदि ।

# नयाँ व्यवस्थाहरु........................

- बाधा अडकाउ फुकाउने व्यवस्था खारेजी तर्फ (संक्रमणकालमा मात्र)
- संसदीय अनुगमनको संवैधानिक व्यवस्था
- राष्ट्रपति, उपराष्ट्रपति, प्रतिनिधि सभा, राष्ट्रिय सभा र प्रदेश सभामा सभामुख र उपसभामुख फरक लिंग र समुदायको हुनु पर्ने
- पराजित व्यक्ति मन्त्री हुन नपाउने
- न्यायपरिषदलाई अनुसन्धानको अधिकार
- शारिरिक वा मानसिक अस्वस्थता पदमुक्तिको आधार
- प्राकृतिक प्रकोप वा महामारी संकटकाल घोषणाको आधार
- संसदीय सुनुवाई ।

# कानून भन्नाले के बुझिन्छ ?

- सामान्य अर्थमा सामाजिक सम्बन्धहरुलाई नियमित वा सञ्चालन गर्ने नियमहरुको समूहलाई कानुन भनिन्छ ।
- राज्यको नीति कार्यन्वयन गर्ने औजार हो ।
- राज्यको सम्पूर्ण क्रियाकलापलाई नियमित र व्यवस्थित गर्न राज्यले बनाएका नियमहरु कानुन हुन् ।
- संविधान, ऐन, नियम, विनियम, आदेश, अध्याद्देश आदिको समष्टिगत स्वरुप कानुन हो ।
- अदालतको निर्णय, न्यायाधीशको राय, प्रशासकीय अधिकारीको निर्णय तथा आदेश, कानुनी मान्यता प्राप्त स्थानीय रीतिरिवाज, तोकिएको कार्यविधि वा व्यवहारको नियम, सार्वजनिक सूचना, अन्तर्राष्ट्रिय सन्धि सम्झौता आदि सबै कानुन अन्तर्गत पर्दछन् ।

# कानून भन्नाले के बुझिन्छ ? क्रमशः

- कानुन ब्याख्या सम्बन्धी ऐन, २०१० ले "नेपाल कानुन" को परिभाषामा ऐन, सवाल, नियम, आदेश र उपनियमलाई समेटेको पाईन्छ ।
- विधिशास्त्रीहरुले कानुनको परिभाषालाई दुई प्रकृतिमा विभाजन गरेको पाइन्छ । एकथरी विद्धानले सामाजिक नियम, परम्परा, मान्यता र मूल्यहरुलाई प्राकृतिक कानुनको रुपमा परिभाषा गर्ने गरेको पाइन्छ भने अर्का थरीले प्राकृतिक कानुनलाई कानुनको रुपमा नलिई प्रत्यक्ष कानुन अर्थात औपचारिक संस्थाहरुबाट निर्माण भएको कानुनमाथि विश्वास गरेको पाइन्छ । यी मान्यता विधिशास्त्रीय विवादका रुपमा अद्यापि रहेको छ ।
- संकुचित अर्थमा कानुनलाई "ऐन" को रुपमा लिइन्छ ।
- कानुन निर्माण गर्ने वा कानुन तर्जुमा गर्ने प्रयोजनको लागि उपयुक्त शब्द "विधायन (Legislation)" हुन सक्दछ, जस अन्तर्गत ऐन, अध्यादेश, नियम, विनियम तथा आदेश पर्दछन् ।

# कानुन तर्जुमा भन्नाले के बुझिन्छ ?

- राज्य तथा सरकारको नीति कानुनमा रुपान्तरण गर्ने प्रक्रिया नै कानुन तर्जुमाको प्रक्रिया हो भन्न सकिन्छ ।
- कानुन तर्जुमा भन्नाले मूलतः संविधान्, ऐन, नियम, गठन् आदेश, अन्तर्राष्ट्रिय सन्धि सम्झौता, आदिको प्रारम्भिक मस्यौदा गर्ने कार्यदेर्खि स्वीकृति या अनुमोदनसम्मका सम्पूर्ण कार्यकलापलाई जनाउँछ ।
- कानुन तर्जुमा गर्दा के कस्तो विषयमा कुन उद्देश्य पूर्तिका लागि कानुन बनाउने हो सो नीतिगत कुरा स्पष्ट भैसकेपछि संविधानको अनुकुल हुनेगरी प्रचलित कानुनसंग नबाझने र दोहोरो नपर्ने गरी सरल भाषा, स्पष्टता र शुद्धतामा ध्यान दिई, दण्ड नीतिको उचित रुपमा अवलम्वन गरी कानुन आवश्यक पर्ने निकायले दिएको Drafting Instruction लाई पालन गरी Legislative Scheme नै तयार गरेर तर्जुमा गर्नुपर्ने हुन्छ ।

# कानुन तर्जुमा भन्नाले के बुझिन्छ ?

- वर्तमान समयमा कानुनको दायरा बढ्दै सरकारी नीति र कार्यक्रम कार्यन्वयन गर्ने यन्त्र (Tool) को रुपमा पनि अपनाईने गरिएकाले आजभोली कानुनको तर्जूमा गर्दा विज्ञहरु, कानुनविद्, समाजशास्त्री आदिसंग राय सल्लाह लिने, गोष्ठि, सेमिनार, छलफल, आदि कार्यक्रम गरी त्यसबाट प्राप्त सुझावलाई समेत समावेश गरी कानुन तर्जुमा गर्ने प्रचलन शुरु भएको छ ।
- अतः कानुन आवश्यक पर्ने निकायबाट प्रारम्भिक मसौदा तर्जुमा गर्ने कार्यदेखि लिएर सम्बन्धित निकायबाट सैद्धान्तिक सहमति लिई अन्तिम मसौदा तयार गरी स्वीकृति प्राप्त हुँदासम्म गरिने कानुन मसौदाका सबै कार्यकलापलाई कानुन तर्जुमा भन्न सकिन्छ ।

## कानुन बनाउन पर्नाको मुख्य कारण के के हुन सक्छन् ?

आज संसारका सबैजसो राष्ट्रहरु आँफूलाई लोककल्याणकारी, लोकतान्त्रिक, सुशासन तथा कानुनी शासनको मान्यताबाट अघि बढेको राज्य भनाउन लालयित रहेको पाइन्छ । यी सबै मान्यतालाई सम्बोधन गर्न त्यस मुलुकमा उपयुक्त कानुन (Rational Law) बनाउनु पर्ने हुन्छ ।

*मूलतः देहायका अवस्थामा कानुन बनाउनु पर्ने हुन्छ–*

## (क) सरकारी नीति कार्यन्वयन गर्नः

सरकारले जनताको हितलाई ध्यानमा राखी सेवा सुविधा प्रदान गर्ने क्रममा विभिन्न नीतिगत निर्णय गरेको हुन्छ । यस्ता नीतिगत घोषणामा कानुनी शक्ति कमजोर हुने हुँदा नीतिले गरेको व्यवस्थाको प्रभावकारी प्रचलन वा कार्यन्वयन गर्न कानुन (ऐन, नियम, विनियम) बनाईन्छ ।

## कानुन बनाउन पर्नाको कारण...

(ख) **<u>संविधानले तोकेको व्यवस्था अनुसारः</u>** राज्यको मूल कानुन संविधानमै विभिन्न विषयमा कानुन बनाउन पर्ने कुरा बोलिएको हुने हुँदा संविधानद्धारा निर्दिष्ट विषयमा कानुन बनाईन्छ । नेपालको संविधानमा समावेश भएका मौलिक हक कार्यन्वयन गर्न बनेका विभिन्न ऐनहरुलाई उदाहरणको रुपमा लिन सकिन्छ ।

(ग) **<u>अदालतको निर्णय कार्यन्वयन गर्नः</u>** सर्वोच्च अदालतबाट खास विषयमा कानुन बनाउन दिएका निर्देशनात्मक आदेश बमोजिमका कानुन बनाईन्छ । साथै न्यायिक पुनरावलोकनको माध्यमबाट निस्कृय कानुन संशोधन वा परिवर्तन गर्ने सिलसिलामा पनि नयाँ कानुनी व्यवस्था आउने हुन्छ ।

# कानुन बनाउन पर्नाको कारण...

(घ) **अन्तराष्ट्रिय सन्धि सम्झौतामा भएको प्रावधान अनुसारः** उदाहरण - Framework Convention on Tobacco Control (FCTC) लाई नेपालले सन् २००६ मा Ratification गरेको र अनुमोदन गरेको ३ वर्षभित्र Domestic Law बनाउनु पर्ने FCTC मा भएको प्रावधान अनुरुप हाल नेपालले "सुर्तिजन्य पदार्थको (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८" बनाई लागु गरेको छ ।

(ङ) **दवाव समूहको मागलाई संबोधन गर्नः** जस्तै - सूचनाको हक सम्बन्धी ऐन, २०६४, प्रतिलिपि अधिकार सम्बन्धी ऐन, २०५९ आदि उदाहरणको रुपमा लिन सकिन्छ ।

(च) **दातृ संस्थासंग भएका सम्झौताका शर्त अनुसारः** जस्तै - विश्व विकास बैंक तथा अन्तराष्ट्रिय मुद्रा कोषसंग गरिएको सम्झौता अनुरुप बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६१ जारी गरिएको ।

(छ) **तत्काल आईपरेको समस्यालाई सम्बोधन गर्नः** माओवादी द्धन्दका बेला आतंककारी तथा विध्वंशात्मक (अपराध र सजाय) ऐन आएको ।

(ज) व्यक्ति वा नागरिकको अधिकार संरक्षण गर्न, कानुनी व्यवस्था कायम गर्न। आदि ।

# कानुन निर्माणमा संलग्न हुने निकाय र तिनको भूमिका

**संघीय व्यवस्थापिका:** कानुन बनाउने जनप्रतिनिधिमूलक संस्था हो । विधेयक पारित गर्ने अधिकार व्यवस्थापिकामा निहित रहेको हुन्छ । कुनै सरकारी वा गैर सरकारी विधेयक व्यवस्थापिका समक्ष प्रस्तुत भएपछि पूर्ण वैठक वा त्यसको कुनै समितिको वैठकमा छलछल गरिन्छ र यसमा सचिवालयले सहयोगीको भूमिका निर्वाह गर्छ ।

- **कार्यपालिका (मन्त्रिपरिषद):** कानुन बनाउने निकाय मूलत: व्यवस्थापिका भएतापनि यसबाट प्रदत्त अधिकारको अधीनमा रही ऐन अन्तरगतको नियम बनाउने अधिकार कार्यपालिका (म.प.) लाई हुन्छ । सरकारी विधेयकको मसौदा गर्ने र त्यस्तो मसौदा व्यवस्थापिकामा प्रस्तुत गर्ने जिम्मेवारी कार्यपालिकामा हुन्छ ।

# कानुन निर्माणमा संलग्न हुने निकाय र तिनको भूमिका

**न्यायपालिका:** सिद्धान्ततः न्यायपालिकालाई व्यवस्थापिकीय अधिकार रहँदैन तापनि न्यायिक पुनरावलोकन गर्ने र सर्वोच्च अदालतले कानुनको व्याख्या गरी प्रतिपादन गरेको सिद्धान्त सबैले पालना गर्नुपर्ने संवैधानिक प्राबधानले न्यायाधीश निर्मित कानुनको अवधारणालाई स्वीकार गरिएको छ । न्यायपालिकाले प्रत्यायोजित व्यवस्थापनको माध्यमबाट राज्यको व्यवस्थापिकीय अधिकारको प्रयोग गर्दछ । सर्वोच्च अदालतले बनाएका सबै तहका अदालतका नियमावलीहरु यसका उदाहरणहरु हुन् । यस अतिरिक्त न्यायपालिकाको संरचनात्मक स्वरुप, तह, गठन र क्षेत्राधिकार जस्ता विषयमा सरकारले व्यवस्थापिकामा विधेयक प्रस्तुत गर्नुअघि सर्वोच्च अदालतसँग राय परामर्श लिने प्रचलन छ ।

**संवैधानिक निकाय:** अख्तियार दुरुपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग तथा राष्ट्रिय मानव अधिकार आयोग आदि संवैधानिक निकायले नियमावली बनाउँन सक्दछन् ।संवैधानिक निकायको विषयमा सरकारले व्यवस्थापिकामा विधेयक प्रस्तुत गर्नुअघि सम्बद्ध निकायसँग राय परामर्श लिने प्रचलन छ ।

# कानुन निर्माणमा संलग्न हुने निकाय र तिनको भूमिका

## कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयः

नेपाल सरकारको नीति अनुकूलको कानुनको मसौदा तर्जुमा गर्ने प्रमुख जिम्मेवारी यस मन्त्रालयको हो । नेपाल सरकार (कार्य विभाजन) नियमावलीले विधेयक, अध्यादेश, नियम तथा समिति गठन सम्बन्धी आदेशको तर्जुमा गर्ने अधिकार यस मन्त्रालयलाई प्रदान गरेको छ । सरकारको कार्यकारिणी निकायहरुबाट तयार भएका विधेयक मसौदा सरकारको नीति लगायत अन्य संवैधानिक, राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुन तथा महासन्धिको प्रावधान र कानुन तर्जुमा सम्बन्धी विधि नियम अनुकुल भए नभएको जाँच तथा परिमार्जन गर्ने कार्य यस मन्त्रालयबाट हुन्छ ।

# कानुन निर्माणमा संलग्न हुने निकाय र तिनको भूमिका

## नेपाल कानुन आयोग:

वि.सं. २०१० सालमा पहिलो पटक स्थापना र गठन भई वेला वखतमा विघटन र पूनर्गठन हुँदै वर्तमान रुपमा आएको छ नेपाल कानुन आयोग । कानुनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानुनको संशोधन, एकीकरण र पुनरावलोकन गर्ने तथा कानुन र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने आयोगको उद्देश्य रहेको देखिन्छ । नेपाल कानुन आयोग ऐन, २०६३ ले आयोगलाई नयाँ कानुन निर्माण गर्ने, भइरहेका कानुनलाई समयानुकुल संशोधन गर्ने, विशेष प्रकृतिका कानुनको निर्माण गर्ने, निष्कृय तथा समयानुकूल नभएका कानुनको बारेमा अध्ययन अनुसन्धान गरी नेपाल सरकारलाई उपयुक्त सुझाव तथा सिफारिस पेश गर्ने जिम्मेवारी प्रदान गरेको छ ।

# कानुन निर्माणमा संलग्न हुने निकाय र तिनको भूमिका

## सरकारी कार्यालयः

नेपाल सरकार (कार्य विभाजन) नियमावली अनुसार जुन काम जुन मन्त्रालयको कार्यक्षेत्रभित्र परेको छ सोही मन्त्रालयबाट त्यस्ता कामसँग सम्बद्ध ऐन, नियम तथा गठन आदेशको प्रारम्भिक मसौदा तयार गर्नुपर्छ । यसमा सम्बद्ध मन्त्रालय तथा मातहतका विभाग, कार्यालय र संस्थाबाट नै प्रारम्भिक मसौदा तयार गर्ने प्रचलन रहेको छ । यसरी तयार भएको प्रारम्भिक मसौदामा सम्बद्ध मन्त्रालयबाट नीतिगत परिक्षण गरी मसौदा तर्जुमाका लागि कानुन, न्याय तथा संसदीय मन्त्रालयमा पठाउनु पर्छ । यस दृष्टिकोणबाट हेर्दा सरकारका कार्यकारिणी निकाय अन्तरगत रहेका प्रत्येक मन्त्रालय, विभाग, कानुन निर्माणको कार्यसँग सम्बद्ध रहेको मानिन्छ ।

# कानुन निर्माणमा संलग्न हुने निकाय र तिनको भूमिका

## प्रदेश सभाः

प्रत्येक प्रदेशमा रहेका प्रदेश सभा कानुन बनाउने जनप्रतिनिधिमूलक संस्था हुन् । विधेयक पारित गर्ने अधिकार नेपालको संविधान र अन्य प्रचलित कानुन समेतको अधिनमाक रही आफ्नो प्रदेशको निम्ती कानुन बनाउने अधिकार प्रदेश सभमा निहित रहेको हुन्छ । कुनै सरकारी वा गैर सरकारी विधेयक सभा समक्ष प्रस्तुत भएपछि पूर्ण बैठक वा त्यसको कुनै समितिको बैठकमा छलछल गरिन्छ र यसमा सचिवालयले सहयोगीको भूमिका निर्वाह गरी कारबाही अगाडि बढाइन्छ ।

## प्रदेश कार्यपालिका (मन्त्रिपरिषद):

प्रदेशको लागि कानुन बनाउने निकाय मूलतः प्रदेश सभा भएतापनि यसबाट प्रदत्त अधिकारको अधिनमा रही ऐनको उद्देश्य पूरा गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्दछ । सरकारी विधेयकको मसौदा गर्ने र त्यस्तो मसौदा व्यवस्थापिकामा प्रस्तुत गर्ने जिम्मेवारी पनि प्रदेश कार्यपालिकामा हुन्छ।

# कानुन निर्माणमा संलग्न हुने निकाय र तिनको भूमिका

**स्थानीय तहः**

स्थानीय तहले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित कानुन समेतको अधिनमा रही कानुन बनाउन सकदछन ।

**ऐनद्धारा स्थापित स्वशासित संस्थाः**

यस्ता संस्थाले आफ्नो विषयसँग नियम तथा विनियमको प्रारम्भिक मसौदा तयार गर्दछन्। नियम सरकारले र विनियम सम्बन्धित संस्थाबाटै स्वीकृत गर्ने अभ्यास छ ।


**विकास समितिः**

विकास समिति ऐन, २०13 अन्तगर्त गठित विकास समितिले आफ्नो कार्यसञ्चालनका लागि नियम, विनियम तथा निर्देशिका बनाउन सक्ने प्रावधान रहेको छ ।

It doesn't matter how many resources you have.



If you don't know how to use them,
it will never be enough.



Innovative
Customer focus
Lesson Learning from Intl. Arena
Model
Self Motivated
Systematic
Change Oriented
Creative
Forward Looking
Self Control

जिज्ञासा

छलफल

धन्यवाद ।